# विषयः कर संकलन समझदारी पत्र

प्रस्तुत विषयमा यस हुम्ला जिल्लामा मानसरोवर ,कैलाश दर्शन लगायत विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरुको भ्रमण गर्न पैदल तथा हवाईजहाज को प्रयोग गरि भित्रिने पर्यटकहरुबाट लिईने सरसफाई शुल्क बापतको रकम विगतमा जिल्ला विकास समितिले उठाउने गरेकोमा नेपालको संविधान २०७२ अनुसार स्थानिय तहमा स्थानिय सरकारको गठन भईसकेको सन्दर्भमा उक्त स्थानियस्तरमा संकलन हुने कर उठाउने अधिकार स्थानिय सरकारलाई भए बमोजिम वि.स.२०७५ को पर्यटक सिजनमा संकलन हुने माथि उल्लिखित करका सम्बन्धमा तपशिलमा उल्लिखित बुँदाहरुको अधिनमा रहि कर संकलन गर्ने र बाँडफाँड गर्ने गरि हामी यस समझदारी पत्रमा हस्ताक्षर गर्न सहमत भएका छौ ।

**सहमतिका बुँदाहरु**

१. पर्यटकबाट सरसफाई शुल्कको रुपमा कर संकलन गर्ने ,

२. सरसफाई शुल्क बापत सार्क मुलुकका पर्यटकबाट प्रति पर्यटक रु ११००। र अन्य मुलुकका पर्यटकबाट प्रति पर्यटक रु १५००। संकलन गर्ने

३. कुल कर संकलन भएको करको ६० प्रतिशत सिमकोट गाउँपालिकाले र ४० प्रतिशत नाम्खा गाउँपालिकाले लिने ,

४. नाम्खा गाउँपालिकाको क्षेत्र वा नाम्खा गाउँपालिकाको हिल्सा नाका प्रयोग गरि चिनको मानसरोवर र कैलाश दर्शन गर्न भ्रमण गर्ने पर्यटकबाट संकलित शुल्कमा मात्र नाम्खा गाउँपालिकाले हिस्सा पाउने,

५. हिल्सा नाका प्रयोग गरी हुम्ला जिल्ला भित्रिने पर्यटकबाट संकलित करमा भने ६० प्रतिशत नाम्खा गाउँपालिकाले लिने र ४० प्रतिशत सिमकोट गाउँपालिकाले लिने ,

५. कर संकलनका लागि सिमकोट विमानस्थल वा सिमकोट को कुनै स्थानमा काउन्टर खडा गर्ने संकलन काउन्टरमा १ जना सिमकोट गाउँपालिकाको प्रतिनिधि र १ जना नाम्खा गाउँपालिकाको प्रतिनिधि रहने ।

| सिमकोट गाउँपालिकाको तर्फ | नाम्खा गाउँपालिकाको तर्फबाट |
|---|---|
| नाम र पद : अध्यक्ष श्री पदम बहादुर लामा | नाम र पद : अध्यक्ष श्री विष्णु बहादुर लामा |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम र पद : उपाध्यक्ष श्री वली रावत | नाम र पद : उपाध्यक्ष श्री पेमा लामा |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम र पद : प्र.प्र.अ. श्री अर्जुन दर्मी | नाम र पद : प्र.प्र.अ. श्री बज्र बहादुर नेपाली |
| हस्ताक्षर : | हस्ताक्षर : |

मिति २०७५ साल बैशाख ३०गते रोज ६ शुभम् ।